राष्ट्रिय सूचना आयोग
प्रमुख सूचना आयुक्त कृष्णहरि बाँस्कोटा
सूचना आयुक्त किरणकुमार पोखरेल
सूचना आयुक्त यशोदादेवी तिम्सिना

आदेश

मु.नं. ४१/२०७१/०७२

निर्णय नं. ७७०

महोत्तरी जिल्ला बनौली दनौली गा.वि.स. स्थायी घर भई हाल कोटेश्वर बस्ने शारदा भुपाल झा ...१ निवेदक

विरूद्ध

कार्यालय प्रमुख, स्थानीय शासन तथा सामुदायिक कार्यक्रम (LGCDP) कार्यक्रम समन्वय इकाई सिंहदरवार काठमाडौं ........................................................................................१ विपक्षी

विषय :- सूचना दिनू भनिएकोमा पाईन भन्न नआएकोले तामेलीमा राख्ने ।

महोत्तरी जिल्ला बनौली दनौली गा.वि.स. स्थायी घर भई हाल कोटेश्वर बस्ने शारदा भुपाल झाले स्थानीय शासन तथा सामुदायिक कार्यक्रम (LGCDP) कार्यक्रम समन्वय इकाई सिंहदरवार काठमाडौं समक्ष सूचना उपलब्ध नगराएकोले उपलब्ध गराई पाउँ भनी यस आयोगमा मिति २०७१।०७।२६ मा गरेको पुनरावेदनका सम्बन्धमा यस आयोगबाट मिति २०७१।०८।०१ मा आदेश भई उक्त आदेश कार्यान्वयन गर्न स्थानिय शासन तथा सामुदायिक कार्यक्रम (LGCDP) कार्यक्रम समन्वय ईकाई सिंहदरबारलाई यस आयोगबाट मिति २०७१।०८।०३ च.नं. ५६९ को पत्रबाट आदेश कार्यान्वयनको लागि पत्राचार गरिएको । पुनरावेदकले मिति २०७१।११।०४ मा माग बमोजिम सूचना उपलब्ध गराइ पाउँ भनी गरेको उजुरीमा स्पष्ट नभएकोले यस आयोगको मिति २०७१।१२।२३ पु.च.नं. ७७६ बाट स्पष्ट पारिदिनु पुनरावेदनलाई पत्राचार गरिएको देखिन्छ । उक्त पत्राचार पश्चात पुनरावेदकले आयोगलाई प्रष्ट पनि नपारेको र सूचना पाए नपाएको सम्बन्धमा पनि कुनै जानकारी प्राप्त हुन नआएको र यस लामो अवधिसम्म पनि सूचना पाईन भनी पुनरावेदक स्वंयले पनि कुनै निवेदन/उजुरी गरेको नदेखिएको हुँदा पछि पुनरावेदकले सूचना पाईन भनेका बखत र आयोगले प्रष्ट गर्नु भनेका विषय उल्लेख गरी निबेदन गरेका बखत कारवाही प्रक्रिया अगाडि बढाउन सकिने नै हुँदा हाललाई प्रस्तुत निवेदन तामेलीमा राखिएको छ । प्रस्तुत निवेदनको लगत तामेलीमा दर्ता गरी राख्नु ।

(यशोदादेवी तिम्सिना)
सूचना आयुक्त

(किरणकुमार पोखरेल)
सूचना आयुक्त

(कृष्णहरि बाँस्कोटा)
प्रमुख सूचना आयुक्त

इति सम्वत् २०७३ बैशाख ५ गते रोज १ शुभम्.